| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख ६ गते (18 April 2024) मा हुनेछ ।**


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**Diamond Star Overseas Pvt. Ltd.**
Lic. No. 1353/074/075
Buddhanagar-10, Kathmandu, Nepal. PH: 01-4796680, 9818429557, 9809402086

## Vacancy Announcement

One of the reputed recruitment manpower agency is seeking for following applicants.

Public Relation officers(PRO) - 5 Male/Female

SALARY 25000/-

**Requirements:**
- Educational qualification +2 pass.
- Well knowledge of Basic Computer.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at operations@nicemanpower.com*

**MIMOSA OVERSEAS PVT. LTD.**
श्रम ई. पत्र नं. १४८/०६७/०६८
Samakhusi-26, Kathmandu, Tel No: 01-4957256
Mobile: 9829217688,9741690732.Website nicemanpower.com
E-mail: mimosaoverseas853@gmail.com

## बहराइनमा रोजगार | कम्पनी: DREAM GROUP W.L.L

शहर: Adliya

पूर्व स्वीकृत मिति: २०८०/०६/१२ | चलानी नं.: ६०२०८३९३ | LT. No.: 293321 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 55 | 0 | स. काममा दक्ष | 100 | ३५,२७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख ६ गते (18 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**Triveni Hr Solution Pvt. Ltd.**
Govt. Lic. No. 1174/073/074
Samakhusi, Kathmandu, Tel.: 01-4987601, 01-4987608,01-4989258
Mobile: 9847259822, 9818618887, 9861133194, 9851007872, 9818465637
Email: triveni.overseas341@gmail.com, info@trivenihr.com

## Malaysia मा रोजगार | कम्पनी: STRAITS FORCE SECURITY (M) SDN BHD

शहर : Selangor

पूर्व स्वीकृत मिति: २०८०/१२/२५ | चलानी नं.: ६०२१८१६६ | LT. No.: 303243

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 75 | 0 | स. काममा दक्ष | 1500 | ४२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख ७,८,९,१०,११,१२ गते (19,20,21,22,23,24 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**DITYA INTERNATIONAL PVT. LTD.**
श्रम ई. पत्र नं.: ११७१/०७३/०७४
Sinamanga-9, Manpower Bazar, Kathmandu, Tel.: 01-5912818
E-mail : dityaintl3@gmail.com, Web.: www.dityainternational.com

## एक नजर हामी तिर

- **डिलक्स बस तथा Car किनबेच, सट्टापट्टा तथा रिजर्भ ।**
- **काठमाडौं देखी चितवन दैनिक बस सेवा इन्द्र डिलक्स ।**
- **विदेश जानका लागि तालिम हेभी बस तथा Light को लागि ।**
- **घर जग्गा किनबेच:**
  रुद्रेश्वर बुढानिलकण्ठमा ५ आना जग्गा ।
  बुढानिलकण्ठमा ३, ४ आनामा बनेको २/३ तल्ला घर ।
  महाराजगंजमा ४-१/२ जग्गा ।

**Video Link: Parbati Global Network**
**https://www.youtube.com/watch?v=PGVMZiUWrUc**
**Contact No: 9762454953, 9841468825**




# नेपाल–भारत व्यापारका अवरोधहरू

*निकासी अवरोध हटाइएमा नेपाली वस्तुको निर्यातमा सहजता हुने र यसले नेपाली बजारको मूल्यमा प्रभाव पार्नेछ ।*

अग्रलेख



● डा. सुमन कुमार रेग्मी



### पृष्ठभूमि

शताब्दीऔंदेखिको नेपाल र भारतबीच आर्थिक, व्यापारिक र सामाजिक सम्बन्ध सौहार्द्रपूर्ण कायम हुँदै आएको छ। सन् १९७०-२००० बीचको वैदेशिक व्यापार नेपालको निकासी व्यापारमा उल्लेखनीय रहेको छ । भारतले नेपालको निकासी व्यापारमा करिब ६५ प्रतिशत, पैठारी व्यापारमा करिब ६४ प्रतिशत ओगटिएको छ ।

भारत र नेपालबीचको व्यापारिक सम्बन्ध परापूर्व कालदेखि रहँदै आइ हाल पनि उत्तिकै महत्वपूर्ण रहेको छ । यद्यपि, नेपालको वैदेशिक व्यापार असन्तुलन नेपालको विपक्षमा अत्यधिकरूपमा रहिआएको छ । निर्यात व्यापारको वृद्धिदर अत्यन्त न्यून रहेको र आयात वृद्धिदर अत्यन्त धेरै रहेको सबैलाई विदितै छ ।

२०८०/८१ को पहिलो सात महिनामा व्यापार घाटा आठ खर्ब रुपैयाँ र आयात पनि रू. आठ खर्बकै अनुपातमा रही निर्यात एक खर्बभन्दा कमीमा छ। २०८०/८१ को पहिलो आढ महिनामा नेपालको निकासी एक खर्ब बढी भएको छ । २०८०/८१ को आठ महिनामा नेपालको वैदेशिक व्यापार रू. ११ खर्ब ३० अर्ब भएको छ। २०८०/८१ को आठ महिनामा नेपालको निकासी रू. एक खर्ब ६८ करोड भएको छ। तर, व्यापार घाटा नौ खर्ब २९ अर्बको भएको छ ।

आर्थिक वर्ष २०७८/७९ मा नेपालमा १६४ देशबाट रू. १९ खर्ब २१ अर्बभन्दा बढीको सामान आयात भएको छ। भारतबाट २०७८/७९ मा नेपालले रू. १२ खर्ब १५ करोड २७ लाखभन्दा बढीको सामान आयात गरेको थियो । रू. १२ खर्बभन्दा बढीको सामान आयात हुँदा एक खर्ब ५५ अर्ब २२ करोड ३० लाख बराबरका सामान निर्यात भएको थियो । नेपालले भारतसँग मात्र २०७८/७९ मा रू. १० खर्ब ४४ अर्ब ९३ करोड ४ लाखभन्दा बढीको व्यापार घाटा व्यहोरेको थियो ।

आयातको तुलनामा न्यून मात्रामा निर्यात हँदा नेपालको व्याापार घाटा वृद्धि भएको थियो । २०७७/७८ को तुलनामा २०७८/७९ मा २३ प्रतिशतले व्यापार घाटा वृद्धि भएको देखिन्छ । २०७७/७८ को तुलनामा २०७८/७९ मा २३ प्रतिशतले व्यापार घाटा वृद्धि भएको थियो। २०७८/७९ मा देशको व्यापार घाटा रू. १७ खर्ब २० अर्ब ४१ करोड ७३ लाख पुगेको थियो । आ.ब. २०७७/७८ मा व्यापार घाटा रू. १३ खर्ब ९८ अर्ब ७१ करोड २९ लाख बराबरको थियो ।

२०७८/७९ मा नेपालले २१ खर्ब २० अर्ब ४७ करोड ९३ लाख बराबरको वैदेशिक व्यापार गरेको थियो । तर २०७७/७८ को तुलनामा २६.१५ प्रतिशतले बढी रहेको छ। २०७७/७८ मा नेपाल १६ खर्ब ८० अर्ब ९६ करोड ११ लाख बराबरको वैदेशिक गरेको थियो ।

### पूर्वाधारमा अवरोध

दुई पक्षीय व्यापारका ढुवानी रेल वीरगन्ज, विराटनगर, भैरहवा, नेपालगञ्ज, दोधाराचाँदनी आईसीडीमार्फत सुख्खा बन्दरगाहमा भएमा नेपाल-भारत व्यापार समस्या केही हदसम्म समाधान हुने देखिएको छ । नेपाल र भारतको व्यवस्थालाई अन्तर्राष्ट्रिय स्तरको लागि सोबारे नेपाल-भारतबीच समन्वय गरेमा दुवै देशलाई आपसी लाभ हुनेछ । नेपालको नेपाल स्टान्डर्ड मार्क एन एस भारतको गुणस्तर चिन्हलाई आपसी मान्यता दिलाएमा नेपालको वैदेशिक व्यापार विकासमा सहयोग पुग्न जान्छ ।

नेपाल समुद्रपार वैदेशिक व्यापारको लागि हाल प्रयोगमा आएको कोलकाता बन्दरगाहमा सानो जहाजबाट मात्र सामान ओहोर दोहोर गर्ने हुँदा नेपालको आयात निर्यातमा लाग्ने लागत खर्च लोड अनलोड जस्ता समस्याहरू ब्यहोर्नु पर्ने अवस्थाले गर्दा मुम्बई तथा मद्रासबाट ठूलो जहाज उपलब्ध हुने हुँदा नेपाललाई पनि सोही सुविधा विशाखापटनमको प्रयोग भएको अवस्थामा नेपालको निकासी व्यापारमा ढुवानी खर्च कम भई वैदेशिक व्यापारमा सहयोग पुगेको छ ।

नेपालको भारततर्फ निर्यात व्यापारको वृद्धिदर अत्यन्तै न्यून र भारतबाट आयातको वृद्धिदर अत्यन्तै धेरै रहेकोले नेपाल-भारत व्यापारबीच समस्या समाधानार्थ सधैं सचेत रहनु जरूरी छ । विगत केही वर्षमा नेपालको निकासीमा भारततर्फको हिस्सा ६६.६ देखि ७०.९ प्रतिशतसम्म, समुद्रपार तर्फको हिस्सा २७.०-३०.० प्रतिशतसम्म र चीन तर्फको हिस्सा २.०-३.४ प्रतिशतसम्म देखिएकोले नेपाल-भारत व्यापार समस्या स्वतः धेरै हुनु स्वभाविकै छ । नेपालबाट भारततर्फ निर्यातका वस्तुहरूमा पाम आयल, सन फलावर, धागो, भटमासको तेल, मुसुरोको दाल, वनस्पति घ्यू, अलैंची, जडिबुटी, अदुवा, जूटका सामान, तारपिनको तेल, अलैंची, कच्छ, ढुंगा-बालुवा, खोटो, नुडल्स, बिस्कुट, प्रशोधित छाला, टुथपेस्ट, पोलिस्टर धागो, तयारी पोशाक, साबुन, हाजमोला, स्क्रापलगायत रहेका छन् । भारतबाट आयातित प्रमुख वस्तुहरूमा पेट्रोलियम पदार्थ, कपडा, तयारी पोशाक, सिमेन्ट, फलफूल, तरकारी, चिनी, चामल, रसायन, इलेक्ट्रिकल सामान, औषधी, सवारी साधन आदी छन् ।

कुनै वर्ष अनुकूल मौसम नभएको र कुनै वर्ष वर्षात् बढी भएको खण्डमा नेपालको व्यापार घाटा सोही वर्ष बढ्ने सम्भावना देखिँदै आएको छ । उदारणका रूपमा आ.व. २०७३-७४ मा अनूकूल वर्षा, समयमा रोपाई तथा खेती, रासायनिक मलको सहज उपलब्धता कृषि प्रविधिको बढ्दो प्रयोगलगायतका कारण कृषि फसल बढी हुन गई निकासी तथा उत्पादन बढ्न गएको देखिन्छ । तर हरेक आर्थिक वर्ष नेपालले वैदेशिक व्यापारको असन्तुलन भोगिरहेको अवस्थामा निकासी व्यापारको अवस्था कमजोर हुँदै गएको छ। आर्थिक वर्ष २०७७/७८ मा पानी कुबेला अर्थात् अन्न बाली उठाउने बेलामा पानी परेको थियो । २०७८/७९ र २०७९/८० मा धान बाली उठाउने बेलामा मौसम अनुकुल रहेकाले र प्राकृतिक प्रकोप नभएको कारण धान उत्पादन बढ्ने देखिएको थियो ।

नेपालको निकासी व्यापार स्थिर रहेको तथा पर्यटक आगमनसमेत बढ्न नसक्दा अर्थतन्त्रको मात्र आधार रेमिट्यान्समा सामान्य उतार-चढावले पनि देशको सम्पूर्ण अर्थतन्त्र संकटमा पर्ने सक्ने अवस्था विगतमा रहेको थियो । नेपालले आफ्नै देशमा उत्पादन गर्न सकिने वस्तु र सेवाहरू समेत उल्लेखनीयरूपमा आयात गर्दा पनि वैदेशिक व्यापारमा नेपालमा सधैं पछाडि धकेलिँदै आएको छ । नेपालको कूल निर्यातको अवस्था सुधारोन्मुख हुनु पर्नेमा त्यसो हुन सकेको छैन् । विदेशबाट खर्बौंको रुपैयाँको वस्तुहरू आयात हुँदा नेपालले एक आर्थिक वर्षमा एक खर्बका वस्तुहरू निकासी हुन सकेको छैन् । विगत चार वर्षमध्ये २०७०-७१ मा सबैभन्दा बढी रू. ९१ अर्ब रुपैयाँको निर्यात भएको देखिन्छ। नेपालले ६८ देशमा निर्यात तथा ७४ देशबाट सामान आयात गरेको देखिन्छ । आ.ब २०७७/७८ मा नेपालको निकासी रू. एक खर्ब १२ अर्ब बढी भएको छ ।

वैदेशिक व्यापार घाटालाई कम गर्नका लागि उत्पादन वृद्धिका विकल्प नभए पनि नेपालले स्वदेशमै प्रचुर मात्रामा उत्पादनको सम्भाव्यता भएका वस्तुहरूको उत्पादन वृद्धिमा सुधार ल्याउन सकेको छैन् । नेपालको कूल निर्यातको अवस्था सुधारोन्मुख हुनुपर्नेमा त्यसो हुन सकेको छैन् । विदेशबाट खर्बौंकौ वस्तुहरू आयात हुँदा नेपालले एक आर्थिक वर्षमा एक खर्बका वस्तुहरू तथा उत्पादनहरू निर्यातसमेत गर्न नसकेको यथार्थता हाम्रो सामू छ ।

नेपाल र भारतबिचको व्यापार अवरोध कुनै बेला हट्दै कुनै बेला थपिँदै भारतले गुणस्तर प्रमाण चिन्हको अनिवार्य व्यवस्था गर्दै आएको अवस्थामा रोकेको प्लाइउडलगायत नेपाली वस्तुहरूको निकासी हटाएको छ । यद्यपि, व्यापार सन्धिमा दुबै देशको गुणस्तर प्रमाण चिन्हलाई एक अर्काको सरकारले मान्यता दिने व्यवस्था छ। यस्तो अवस्थामा दुवै देशले एक अर्का देशको प्रयोगशालालाई आपसमा मान्यता दिन पर्दछ । यस्तै, परिवर्तनका अवस्थामा नेपालबाट उत्साहजनकरूपमा भारततर्फ निकासी हुन थालेको प्लाइउडलगायत निर्यातमा केही वर्ष यता भारतले गरेको अवरोध हटेपछि अर्थात् प्रयोगशाला अनिवार्यता खकुलो बनाएपछि प्लाइउडलगायत अरू नेपाली उद्योगहरू सहज भएका छन् ।

नेपालको पूर्वी नाकातिरबाट भारततर्फ नेपाली निकासी वस्तुहरू निकासी जारी रहे पनि पश्चिम नेपालको नाकाबाट निर्यात रोक लगाइएको थियो । भारत सरकारले प्लाइउड, बोर्ड र डोरमा एक वर्ष बीआईएस मापदण्डका लागि म्याद थप गर्ने निर्णय गरेका कारण अवरोध हटेको हो । भारत सरकारको प्लाइउड र अरू वस्तुहरू गुणस्तर प्रमाण चिन्ह अनिवार्य गरिँदा रोकिएको निर्यात नियमित हँदै जाने विश्वास गरिएको छ । कुनै-कुनै वस्तुका भारतमा उच्च माग रहिआएको छ । अब प्लाइउडलगायत वस्तु भारतमा निर्यात हुनुका लागि सरकारले सहजीकरण गर्न अति नै आवश्यक छ । प्लाइउड जस्तै अरू वस्तुहरू मात्र दुई करोडका नाकाबाट भारत निकासी गरेको थियो ।

भारतले निर्यातका लागि बाटो खोले पनि गुणस्तरीय उत्पादनका लागि थप लगानी लगाउन सकिने अवस्था नभएको बताइन्छ। नेपालका उद्योगका लागि नेपाल सरकारले निकासीका लागि स्पष्ट नीति नभएसम्म अब थप लगानी लगाउन सकिने अवस्था छैन। भारतले निश्चित अवधिका लागि मात्र निर्यातको बाटो खोलेको छ । लगानी लगाएर मेसिन थपेर उत्पादन गर्दै गर्दा पुनः बन्द भयो भने त्यसको चोट उद्योगलाई नै पर्ने बताइन्छ ।

यस्ता उद्योग केही वर्ष अगाडि करोडौं लगानीमा सञ्चालन भएको थियो । नेपाली वस्तुका भारत निकासी अवरोध हटाइएपछि नेपाली वस्तुको निर्यातमा सहजता हुने र यसले नेपाली बजारको मूल्यमा प्रभाव पार्नेछ। भारत सरकारले गरेको यस्ता निर्णय नेपाली उद्योगपतिका लागि लाभदायक हो। यस्तो सहज परिस्थितिमा नेपाली वस्तु भारतमा निकासी गर्दै आएको थियो। भारत सरकारले नेपाली प्लाइउडमा बीआईएस प्रमाण चिन्ह अनिवार्य गरिएको जनाएको थियो । तर, सो निर्णय रद्द गरी केही वर्षका लागि म्याद थप्ने भनिएको थियो ।

**(लेखक व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रका पूर्वनायव कार्यकारी निर्देशक हुन् ।)**

---

सम्पादकीय

## अर्थतन्त्र लयमा ल्याउने चुनौती

अर्थमन्त्री वर्षमान पुनका अनुसार नेपालको अर्थतन्त्र सुधारउन्मुख छ । सुधारको पर्यासका बाबजुत अर्थतन्त्र शिथिल रहेको उनको स्विकारोक्ति छ । तर, हाललाई संकट नरहेको उनको दाबी छ । बुधबार उद्योग वाणिज्य महासंघको साधारण सभामा प्रधानमन्त्री, पूर्वप्रधानमन्त्रीहरू, निजी क्षेत्र र अर्थविज्ञ लगायत अर्थतन्त्रका जानकारहरू उपस्थित रहेको मञ्चमा अर्थमन्त्री पुनले ओकलेका यी शब्दहरू आफैँमा गम्भीर र अर्थपूर्ण छन् ।

नेपाल राष्ट्र बैंकका अनुसार नेपालको बाह्य अर्थतन्त्र सुधारउन्मुख छ । नेपालका लागि कम्तीमा १२ महिनाका लागि आयात गर्न पुग्ने विदेशी मुद्रा संचिती छ । तर, आन्तरिक अर्थतन्त्रको अवस्था दुरासयपूर्ण छ । आन्तरिक अर्थतन्त्र कमजोर रहेको र बाह्य अर्थतन्त्र एक वर्षका लागि धान्ने अवस्था रहनुका अनेकन कारण हुन सक्छन् । यस्तो अवस्था नेपालको दीर्घकालीन हितका लागि उपयुक्त नरहेकोमा स्वयम नेपाल राष्ट्र बैंक सहमत छ । यसका लागि आवश्यक नीति तय गर्ने र बजेटमा समेट्ने पर्यासमा सरकार रहेको बताइन्छ ।

जे जस्ता तर्क र आश्वासन दिइएतापनि अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, निजी क्षेत्रको तथ्याङ्कले भन्छ– नेपालको अर्थतन्त्र अप्ठ्यारो अवस्थामै छ । सरकारको आम्दानी भन्दा खर्च बढि हुदाँ देशको अर्थतन्त्र लयमा छैन । यो तथ्य बुझेको सरकार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट बनाइरहेको छ । तर, यथार्थता अनुसारको नीति ल्याउन खोजिरहेको छ कि छैन ? वर्तमानको अहम प्रश्न यही हो ।

नेपालको अर्थतन्त्र रेमिट्यान्सले धानेकोमा कसैको दुई मत छैन । यही नै नेपालको चिरकालसम्मको अर्थतन्त्रको आधार हो भन्नेमा कोही सहमत हुन सक्दैन् । यही नै सत्य हो भने रेमिट्यान्सको विकल्प सरकारले खोज्न सक्नुपर्छ । सरकारले अर्थतन्त्रको मन्दी हटाएर तिव्र आर्थिक विकासको गति समात्न सक्नुपर्छ । कृषिमा लगानी, उद्योग कलकारखानाको स्थापना आम रूपमा सुझाइएका विषय हुन् । आगामी आर्थिक वर्षको बजेट आउन डेढ महिनामात्र बाँकी छ । बजेट बनाउने गृहकार्यमा रहेको अर्थमन्त्रालयले दैनिक दुई हजारको हाराहारीमा युवा जनशक्ति विदेशिरहेको ख्याल गरोस् । उद्योगलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सकोस् । आयात कम गर्ने नीति लिइयोस् । कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउने नारा व्यवहारमा लागू गरियोस् । जनतामा रहेको निराशा चिर्नेगरी आशाको किरण बजेटमा आउने राजनीतिक एक्सन देखियोस् । यसले मात्रै बाह्य अर्थतन्त्रको अवस्था थप सुधार गराउँदै आन्तरिक अर्थतन्त्र मजबुद बनाउन सक्छ । अरूको भर नपर्ने अर्थतन्त्रले नै नेपालको दिगो हित गर्न सक्छ । यसमा सरकार गम्भीर बन्नैपर्छ ।

---

## सामाजिक सञ्जाल



**- विष्णु ढकाल**

समाजको अवस्था, वास्तविकता बुझ्नु राम्रो हो अझै सकिन्छ भने सुधार सकारात्मकताको बाटो देखाउनु पर्छ । यहाँ त चाहिनेभन्दा बढी व्यक्तिगत चियोचर्चो गर्ने गरिन्छ, जसले आफैलाई दुःखी बनाउछ । समस्याहरूको सामूहिकरण गर्दा, फराकिलो बनाउँदा समाधान खोज्न सजिलो हुन्छ । दिमाग फराकिलो बनाए धेरै कुरा अटाउछ पनि ।



**- डम्मर खतिवडा**

छानबिनमै किन यत्रो आपत्ति ? किन यत्रो डर र कोकोहोलो ? गल्ती, बदमासी, ठगी गरेको छैन भने छानबिनसँग किन आत्तिएको ? चोखो इमानदार छु भन्नेहरुले बरु आफै भन्नू पर्ने हैन- हामी जस्तोसुकै छानबिन, जस्तोसुकै अग्निपरिक्षाका लागि तयार छौं ? प्रमाणित नभए झन् सफाई हुन्छ। प्रश्न त उठिसक्यो !



**- चन्द्र श्रेष्ठ**

जति नै फुर्ति गरेर, “हामी मुलुक र नागरिकको लागि सकारात्मक परिणाम दिनका लागि आएका हौं” भने तापनि यी सब भन्ने कुरा मात्रै हो । जबसम्म नागरिक स्वयम्ले सत्यतथ्य बुझेर गुण र दोषका आधारमा राम्रालाई छान्ने र खबरदारी पनि गर्ने आँट गर्दैनन्, तबसम्म यिनले अनेकौं फोस्रा आश्वासन दिँदै लुट्ने छन् ।



**- मुमाराम खनाल**

जतिसुकै सानो संख्या भए पनि पुष्पकमल दाहालको पद र पैसाको लोभी भाँडो कहिल्यै भरिएन । तुच्छ व्यक्तिगत स्वार्थको दाहाल ‘उथलपुथल’ले प्रदेशका सरकारहरू पनि महिनैपिच्छे झमेलामा फसिरहे । ‘पल्टुराम’ले हरेक सरकार पल्टाएको पल्टाई गरेर संसदीय व्यवस्था र संघियताप्रति नै घृणा उत्पन्न हुने बनाए ।

---

# शेयर बजार र साना लगानीकर्ता

विचार



● बिदुर दाहाल

*शेयर बजारमा नाफा कमाउने र डुब्ने दुवै सम्भावना बराबर रहन्छ । तर साना लगानीकर्ता जहिले पनि उच्च जोखिममा हुन्छन् । उनीहरू व्यावसायिक हुँदैनन् । जब बजार तेज हुन्छ, तब बजार प्रवेश गर्छन् ।*

शेयर बजारलाई अर्थतन्त्रको सूचकको रूपमा लिइन्छ । अर्थतन्त्र उत्साहप्रद भएको बेला शेयर बजारमा पनि उत्साह देखिन्छ भने अर्थतन्त्र समस्यामा गएको बेला शेयर बजारमा समस्या देखिन्छ। अर्थतन्त्र अहिले सुस्ताएको छ, जसको प्रभाव शेयर बजारमा प्रष्ट देखिन्छ ।

नेप्से २००० अंकको आसपास हुनु भनेको तल्लो बिन्दु नै हो । बजारमा शेयर किन्ने मानिसहरू कम छन् । यस्को अर्थ मागभन्दा पूर्ति बढी छ । नेप्से ३२०० अंक आसपास हुँदा किन्न हौसिनेहरू अहिले हराएका छन्। शेयर बजारमा नाफा कमाउने र डुब्ने दुवै सम्भावना बराबर रहन्छ। तर, साना लगानीकर्ता जहिले पनि उच्च जोखिममा हुन्छन् । उनीहरू व्यावसायिक हुँदैनन्। जब बजार तेज हुन्छ, तब बजार प्रवेश गर्छन्। शेयरमा खुब नाफा हुन्छ भन्ने हल्लाका भरमा किन्छन्। दैनिक किनबेच गर्ने क्षमता हुँदैन ।

समयअनुसार घाटा खाएर पनि बेच्नुपर्छ भन्ने ज्ञान हुँदैन । बढ्दा पनि अझै माथि जान्छ अनि बेचौला भनेर कुर्ने गर्छन् । बजार घट्दा पनि हत्तपत्त बेच्न मान्दैनन्। पुरानो लगानीको हिसाब गर्छन्। यसको अर्थ यो होइन कि साना मात्र डुब्छन्; ठूला डुब्दैनन् । ठूला लगानीकर्ता पनि डुब्छन् । अनुपातिक हिसाब गर्ने हो भने गुमाउनेहरूमा साना लगानी कर्ता बढी हुन्छन् ।

शेयर बजार अनुत्पादक लगानी नै हो । अरुको उत्पादनलाई लिएर त्यसमाथि लगानी गर्ने दुनियाकै प्रचलन हो । कम्पनीले राम्रो प्रतिफल दिँदै गर्दा त्यसअनुरूपको लाभांश पाउन लगानी गरिन्छ। तर, कतिपय कम्पनीले प्रतिफल नदिरहँदा त्यसमाथि लगानी गर्नु बालुवामा पानी हाले सरह हो । शेयरमा गरिने लगानीअनुसारको प्रतिफल नेपालका एक/दुई बाहेक अरु कम्पनीले दिएकै छैनन् । त्यसैले शेयर बजारमा कोही न कोही डुब्ने नै हो । कसैलाई न कसैलाई डुबाउने नै हो । नेपालमा चाहिँ साना लगानी कर्ता डुब्ने नै हो । फलानो अर्थमन्त्री बने शेयर बढ्छ वा फलानोको सरकार बने घट्छ भन्ने हौवा फिजाउनेहरू बजारमा प्रशस्त हुन्छन्। सामान्यतयाः बजारमा पैसाको उपलब्धता, लगानीकर्ताको मनोविज्ञान, सरकार र राष्ट्र बैकको नीतिले शेयर बजार घटबढ हुने हो। अहिलेको अवस्थामा शेयर बजार ह्वात्तै बढ्ने देखिँदैन । यो चाहिँ सत्य हो ।

कुनै बेला सामाजिक सञ्जालमा एउटा व्यंग्यात्मक पोष्ट चर्चामा थियो । “घरबेटिसँग शेयरको कुरा गरेको थिए; केही महिनापछि दुबै जना भाडाको घरमा बस्यौं ।” यसले शेयर बजारको उच्च जोखिम संकेत गर्छ । प्राथमिक शेयरमा खासै जोखिम नभएता पनि दोस्रो बजारमा भने जोखिम छ। त्यसैले दोस्रो बजारमा प्रवेश गर्दा धेरै कुरा बुझेर प्रवेश गर्नुपर्छ । साना लगानीकर्ता बिना सुझबुझ हल्लाको भरमा प्रवेश गर्ने हुँदा डुब्ने पनि तिनीहरू नै हुन् । शेयर बजार जुवा जस्तै बनेको छ। तर, शेयर बजार र जुवा फरक हो।

नेपालको समग्र आर्थिक सूचांक, विश्व अर्थतन्त्र, रोजगारीको अवस्था, कृषि उत्पादन, विश्वका ठूला अर्थतन्त्रमा संकुचन, रसिया-युक्रेन, इजरायल-प्यालेस्टाइन युद्ध जस्ता पक्षले दुनियाँका अर्थतन्त्रलाई नकारात्मक असर पारिरहेको छ। नेपालको आयातमुखी अर्थतन्त्र, विदेशीहरूले दिने ऋण तथा अनुदानमा कटौती, पर्यटन व्यवसायमा भने जस्तो चलायमान नहुनु, राजस्वले साधारण खर्च धान्न कठिन हुनु जस्ता अवस्थाले शेयर बजार बढ्न दिँदैन । सबैभन्दा महत्वपूर्ण कुरा लगानीकर्ताको मनोविज्ञान हो। अहिले लगानीकर्ताको मनोविज्ञान बलियो छैन । त्यो गिरेको छ। त्यसैले बजार सुस्ताउनु स्वभाविक हो ।

यो अवस्थामा लगानी गरे पनि जोखिम छैन । यो १७०० को बिन्दुभन्दा तल झर्दैन भन्ने बलियो मनोविज्ञान छ । अर्कोतिर ह्वात्तै बढेर नाफा लिने सम्भावना पनि न्यून छ। अर्थतन्त्रको यो अवस्थालाई मध्यनजर गर्दा १८०० देखि २२०० को वरिपरि लामै समय नेप्से रहने देखिएको हुँदा सावधानीपूर्वक कारोबार गर्न उचित हुन्छ। नत्र फसिने सम्भावना अधिक हुन्छ। विशेषगरी साना लगानीकर्ताले ध्यान पुऱ्याउनुपर्छ ।

---

## तपाईंको राशिफल

मेष : मुद्दा मामिलामा सफलता मिल्नेछ । शत्रु परास्त हुनेछन् ।

वृष : प्रभावमा वृद्धि हुनेछ । दैनिक जीवन सुखी रहनेछ ।

मिथुन : विरोधी सक्रिय रहनेछन्, तर असफल हुनेछन् । समय अनुकूल छ ।

कर्कट : महत्वपूर्ण भेटघाट हुने योग छ । यश बढ्नेछ ।

सिंह : बाहिरी सहयोगमा वृद्धि हुनेछ । नयाँ काम सफल हुनेछ ।

कन्या : खर्चमाथि विशेष नियन्त्रण राख्नुहोला । यात्रा सफल हुने योग छ ।

तुला : सबै कार्यमा सावधानी राख्नुपर्छ । शत्रु कमजोर हुनेछन् ।


वृश्चिक : विद्यार्थीहरूको लागि राम्रो समय छ । धार्मिक कार्यमा खर्च हुनेछ ।

धनु : आयमा वृद्धि हुने योग छ। स्वास्थ्यमा सुधार आउनेछ ।

मकर : अनावश्यक विवाद हुने योग छ । पैतृक धनलाभ हुनेछ ।

कुम्भ : धार्मिक कार्यमा रूची बढ्नेछ। घरेलु जीवन सुखमय रहनेछ ।

मीन : प्रियजनसँग भेट हुनेछ। विस्तारै सफलता प्राप्त हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# बागमती नगरपालिकाका मेयर थापाविरुद्ध भ्रष्टाचार मुद्दा



**काठमाडौं/मस**–अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्लाहीको बागमती नगरपालिकाका मेयर भरतकुमार थापाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारले गैरकानूनी सम्पत्ति आर्जन गरेको आरोपमा मेयर थापाविरुद्ध बुधबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

२०७४ असोज ७ गते मेयरको जिम्मेवारी सम्हालेदेखि २०७९ माघ २९ सम्मको अवधि हिसाब गर्दा उनको स्रोत खुल्न आएको कुल आय ७ करोड ८६ लाख ५० हजार २ सय १ रूपैयाँ देखिएको तर १३ करोड २० लाख ३ हजार ३ सय ९१ रूपैयाँ खर्च देखिएकाले आम्दानी र खर्च मेल नखाएको अख्तियारले बताएको छ ।

कूल आय तथा लगानी र खर्चबीचको तादाम्यता नमिलेको ५ करोड ३३ लाख ५३ हजार रुपैयाँ थापाले अवैध तरिकाले आम्दानी गरेको अख्तियारको दाबी छ । अख्तियारले थापालाई सोही रकम बराबर बिगो कायम गरी जरिवाना, सजाय तथा सम्पत्ति असुलउपर गर्न माग गरेको छ ।

थापाले अवैध तरिकाले कमाएको सम्पत्ति श्रीमती रेश्मीकुमारी घिमिरे, भाइ राम थापा र बुहारी द्वारीका राउतको नाममा समेत राखेकाले सम्पत्ति जफत गर्नका लागि उनीहरूलाई पनि प्रतिवादी बनाइएको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

# राजन केसीलाई समाजशास्त्रतर्फको मानार्थ विद्यावारिधि



**काठमाडौं/मस**–अमेरिकाको एन अटोनोमस भर्चुअल युनिभरसिटी तथा इन्टरनेशनल इन्स्टिच्युट अफ म्यानेजमेन्ट आईएमएस भारतबाट दिइने समाजशास्त्रतर्फको यस वर्ष प्रदान गरिने मानार्थ विद्यावारिधि राजन केसीलाई प्रदान गरिएको छ। समाजमा माइक्रो लेभलमा रहेका समस्या पहिचान र सम्भावनाको विषयमा खोज अनुसन्धान गरेबापत केसीलाई समाजशास्त्रतर्फको मानार्थ विद्यावारिधि प्रदान गरिएको हो ।

कास्कीको सिसुबा-६ गगन गौडामा जन्मिएका केसी उत्पिडित खसहरुको पहिचान, प्रतिनिधित्व, आरक्षण, संस्कृति संरक्षणमा लामो समयदेखि लागिपरेका छन् ।

नेपाली सहित्यमा नाटक, कथा, अभिनयको माध्यमले समाज रुपान्तरणको अभियान चलाएका केसीलाई २०५९ सालमा तत्कालीन संस्कृति मन्त्रलयअन्तर्गत सांस्कृतिक संस्थानले आयोजना गरेको नाटक महोत्सवमा उत्कृष्ट नाट्य निर्देशकको उपाधि दिएको थियो। नेपालमा रहेका दर्जनौं संघ संस्थाबाट सम्मानित भइसकेका केसी नेपाली समाज रुपान्तरणका आशलाग्दा पात्र हुन् ।

भर्खरैमात्र समाजको माइक्रो लेभलमा रहेर उनले लेखेको 'रन्को' नामक पुस्तक पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले विमोचन गरेका थिए । उक्त पुस्तक भुँडी पुराण प्रकाशनले बजारमा ल्याएको थियो । यस्तै २०७३ सालमा संस्कृतिविद् स्व.सत्यमोहन जोशीले विमोचन गरेको उनको कथा संग्रह 'थोप्लो' बजारमा आएको थियो । केसी जनता समाजवादी पार्टी नेपालका राजनीतिक समिति सदस्य तथा खस क्षेत्री एकता समाजका केन्द्रीय अध्यक्ष हुन् ।

# जुम्लामा 'कृषि पर्यटन सांस्कृतिक व्यापार महोत्सव' हुने

**मध्यान्ह संवाददाता**
जुम्ला, २८ चैत

जुम्लामा कृषि पर्यटन सांस्कृतिक व्यापार महोत्सव हुने भएको छ । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान जिल्ला कार्यसमिति जुम्लाको आयोजना र एके इभेन्ट बहुउद्देश्यीय प्रा.लि. सुर्खेतको आर्थिक सहयोगमा महोत्सव गरिने भएको हो । २०८१ वैशाख १२ देखि २३ गतेसम्म महोत्सव सञ्चालन गरिने पत्रकार भेटघाटमार्फत जानकारी गराइएको छ ।

लोक दोहोरी प्रतिष्ठानका अध्यक्ष कर्ण बुढ्थापले महोत्सव सञ्चालन गर्नका लागि सबैको सहयोग तथा सहकार्य आवश्यक रहेको बताए । उनले जुम्लामा पर्यटन, सांस्कृति तथा आर्थिक व्यापार प्रवर्द्धनका लागि महोत्सव गर्न लागिएको जानकारी दिए । उनका अनुसार महोत्सवमा स्थानीय तथा राष्ट्रिय कलाकारको उपस्थिति रहने छ ।

जुम्लामा उद्योग वाणिज्य संघले करिब ३ वर्ष अगाडि महोत्सव आयोजना गरेको थियो । महोत्सव चन्दननाथ नगरपालिकाको वडा नम्बर ५ राजासिममा आयोजना गरिने आयोजकले जानकारी दिएको छ । महोत्सवमा जिल्लाबाट राष्ट्रिय स्तरमा चर्चित कलाकार छत्र शाही, सुरज पण्डितसहितका कलाकारलाई पनि सहभागी गराउनुपर्ने सुझाव जुम्लाका पत्रकारहरुले दिएका छन् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७९/०१/११ मा दर्ता भएको **सम्सारा मेकअप स्टुडियो एण्ड ब्यूटी हब प्रा.लि. (प्रा.लि. नं. २८९८१४)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**अनुसुची–१५**
**(दफा ३३ को उप –दफा (२) सँग सम्बधिन्त)**

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८०/१२/२९ गते**

श्री देबिस्थान सामुदायिक वन उपभोक्ता समूह पञ्चपुरी न.पा.-०१, सुर्खेतको सामुदायिक वन बाट २०८०/०८१ मा उत्पादन भई समूहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको ए ग्रेड साल जातको गोलीया काठ १८ थानको ३५८.४२ क्यूफिट काठ, बी ग्रेड साल जातको गोलिया काठ थान १७ को २१२.९७ क्यूफिट काठ, सी ग्रेड साल जातको गोलिया काठ २ थान को १४.७९ क्यूफिट काठ गरी कुल ३७ थानको ५८६.१८ क्यूफिट काठ, ए ग्रेड असना जातको गोलीया काठ ५ थान को १५०.०१ क्यूफिट काठ, बी ग्रेड असना जातको गोलिया काठ १ थानको ३१.७२ क्यूफिट काठ गरी कुल ६ थानको १८१.७३ क्यूफिट काठ गरी साल गोलिया काठ र असना गोलिया काठ सबै ४३ थानको ७६७.९१ क्यूफिट गोलिया काठ, दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आङ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री देबिस्थान सामुदायिक वन उपभोक्ता समूहको कार्यालय पञ्चपुरी न.पा.-०१, सुर्खेत डिभिजन वन कार्यालय भेरी बावियाचौर, बड्डीचौर सब डिभिजन कार्यालय सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री देबिस्थान सामुदायिक वन उपभोक्ता समूह**
**पञ्चपुरी न.पा.-१, सुर्खेत ।**

KUWAIT मा रोजगार | कम्पनी: GELATICO RESTAURANT COMPANY

पूर्व स्वीकृत मिति: २०८०/१२/२८ | चलानी नं.: ६०२१८१८९ | LT. No.: 303410

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SALES-GIRL | 0 | 4 | स. काममा दक्ष | 135 | ५८,४१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख ६ गते (18 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Mobile: 974-6491713/ URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9801026390 | 9803126395 | 9818550053

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको १५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८०/१२/२९**

यस वित्तीय संस्थाको शाखा कार्यालय योगीकुटी बाट तपशिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तीय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता नभएकाले उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपशिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ। अत: धितो सुरक्षणमा रहेका तपशिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा १६औं दिन वा सो दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउसो ४:०० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तीय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ। साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धीत ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वत: रद्द हुनेछ ।

**तपशिल**

**१. ऋणीको विवरण**

**कर्जाको प्रकार : व्यवसाय डिमाण्ड कर्जा**

**क) ऋणीको नाम :** स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुपन्देही, लुम्बिनी प्रदेशमा मिति २०७८/०१/१४ गते, दर्ता नं. २३८ मा दर्ता भएको, स्थायी लेखा नं. ६११९८०७९३ भई रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं.१६ स्थित रजिष्ट्रर कार्यालय रहेको **श्री गुम्मेली सटरिङ्ग सेवा ।**
**(करदाता : घन बहादुर थापा )**

**ख) ऋणीको नाम : घन बहादुर थापा**
**कर्जाको प्रकार : आवाश कर्जा**

**व्यक्तिगत जमानी दिनेहरुको विवरण**

**करदाता/व्यक्तिगत जमानिकर्ता : घन बहादुर थापा**
बाबु : ओम बहादुर थापा
बाजे : हेमराज थापा
ना.प्र.नं. : ३७-०१-७८-१६६६०
जारी मिति : २०७८/१२/०१, जि.प्र.का. : रुपन्देही
ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा वडा नं. १६ ।

**व्यक्तिगत जमानिकर्ता : पुनम थापा**
बाबु : रुप बहादुर राना
पति : घन बहादुर थापा
ना.प्र.नं. : २२५७३
जारी मिति : २०५९/११/०८, जि.प्र.का. : रुपन्देही
ठेगाना : रुपन्देही जिल्ला, मधवलिया गा.वि.स. वडा नं. ०८ ।
हाल : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १६ ।

**व्यक्तिगत जमानिकर्ता : हुमन थापा**
बाबु : घन बहादुर थापा
बाजे : ओम बहादुर थापा
ना.प्र.नं. : ३७-०१-७८-०१५६३
जारी मिति : २०७८/०४/१३, जि.प्र.का. : रुपन्देही
ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १६ ।

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

श्रीमती पुनम थापाको नाममा मा.पो.का., भैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, मधवलीया गा.वि.स./न.पा. वडा नं. २, नक्सा सिट नं. २ क स्थित कि.नं. २५०४,२५२८ र २५२९ को क्षेत्रफल ०-०-१२.५-० (२११.६३ व.मी), ०-०-११.५-० (१९४.६९ व.मी) र ०-०-३.५-० (५९.२५ व.मी) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

**शर्तहरू:**

१. बोलपत्र फाराम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निणर्य अन्तिम हुनेछ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तीय संस्थाले लिन सक्ने छ ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले १५औं दिन (सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ। लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फाराममा उल्लेख गरिनेछ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौं ।
**समय :** दिउसो ४:०० बजे, **मिति :** २०८१/०१/१४ ।

साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: MASAR AL BUNUD CONTRACTING EST | शहर: Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मिति: २०८०/१२/२८ | चलानी नं.: ६०२१८१८१ | LT. No.: 303355

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office And Facility Cleaning Worker | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loading And Unloading Operator | 5 | 0 | | 1000 | ३५,४६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ बैशाख ६ गते (18 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ३७७/०५९/०६०
हेभन ओभरसिज प्रा. लि.
पोष्ट बक्स नं: ९९२४, पिंगलास्थान, गौशला, काठमाडौं, फोन: ४११३६४४, ४११३७७८, फ्याक्स: ४११३७७८
E-mail : heaven@wlink.com.np, Web:www.heavenoverseas.com

युएईमा रोजगार

कम्पनी : SOBHA CONSTRUCTIONS L.L.C.
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१२/२८ | चलानी नं.: ६०२१८१८० | LT. No.: 303344

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stone Mason | 80 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tile Mason | 50 | 0 | | 1200 | ४३,४६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख ६ गते (18 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SAAN NEPAL (P.) Ltd. (A manpower consultant)
SAAN NEPAL Pvt.Ltd.
Gov. Lic. No. 734/064/065
Battisputali-9, Kathmandu, Tel.: 01-4584977, 4585077.
Email: managersaan@gmail.com | Website: www.saannepal.com.np

ZERO COST RECRUITMENT Opportunity for Malaysia!!
शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!

FREE VISA! FREE TICKET! FREE MEDICAL CHECKUP! FREE VISA PROCESSING!
FREE TRANSPORTATION (TWO WAYS FROM HOMETOWN TO KATHMANDU & VICE VERSA FOR INTERVIEW) & (ONE WAY FROM HOMETOWN TO KATHMANDU FOR DEPARTURE) ! FREE LODGING & MEALS (2 DAYS FOR INTERVIEW) & 5 DAYS FOR DEPARTURE)! FREE PASSPORT& Free SSF

नि:शुल्क भिसा ! नि:शुल्क हवाई टिकट ! नि:शुल्क स्वास्थ्य जाँच ! नि:शुल्क भिसा प्रक्रिया ! नि:शुल्क यातायात (अन्तर्वार्ताको लागि घर देखि काठमाडौं दुई तर्फी आउने जाने) र (उडानको लागि घर देखि काठमाडौं एक तर्फी टिकट) ! नि:शुल्क आवास र खाना (२ दिन अन्तर्वातामा आउँदा र ५ दिन उडानको लागि आउँदा) ! नि:शुल्क राहदानी! नि: शुल्क सामाजिक सुरक्षा कोष लागत व्यवस्थापन

कम्पनी: जिएस करर्पोरेसन एसडिएन बिएचडि | ठेगाना : सेलेङ्गोर
Company: GX CORPORATION SDN BHD | Address: SELANGOR

| | | |
|---|---|---|
| पूर्व स्वीकृत मिति: २०८०/१२/२८ | चलानी नं: ६०२१८१८६ | एल टि नं : ३०३३९८ |
| Pre Approval Date: 2024/04/10 | Invoice No.: 60218186 | LT No. : 303398 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | औद्योगिक कामदार Factory Worker | २०० 200 | १५०० 1500 | ४२,००० 42,000 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

नोट: आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सामाजिक सुरक्षा कोष लागत व्यवस्थापन Management oF Social Security Fund cost | सेवा शुल्क कस्ले व्यहोर्ने who will bear service charge |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले अन्तर्वार्ताभन्दा एक महिना अगाडि बने को पासपोर्टको ने.रु.५०००/- का दरले व्यहोर्ने NPR 5000/- By the Employer (for new passport issued a month before the interview date only) | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगार दाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७००/- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००/- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रु २३०८/- रोजगारदाताले व्यहोर्ने Rs 2308 By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

नोट :वाईड–स्पेस इन्टरनेशनल प्रा.लि.को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट वाईड–स्पेस इन्टरनेशनलले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने ।
Note: Wide Space International Pvt. Ltd does not have any branch or mediator representative. Wide Space International is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions.

Wide Space International Pvt Ltd is committed to abide laws and principle guidelines of 'ZERO COST' and 'ETHICAL RECRUITMENT' providing equal opportunities treating fairly with the dignity in transparent way.
वाईड स्पेस इन्टरनेशनल प्रा.लि.ले "शुन्य लागत" र "नैतीक भर्ती" को कानूनी सिद्धान्त पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागी प्रतिबद्धता व्यक्त गर्दछ ।

यदि तपाईंसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेख गरिएको फोन नम्बर ९८०१२३२११७ वा इमेल ठेगाना grievanceatwsi@gmail.com मार्फत सम्पर्क गर्न सक्नुहुनेछ ।
If you have any complaints or feedback, please do contact us via the phone number 9801232117 or email address grievanceatwsi@gmail.com mentioned below.

फाइनल अन्तर्वार्ता वाईड–स्पेस अफिसको, इन्टरभ्यू हल टुकुचा चोक गैह्रीधारा, काठमाडौंमा मिति २०८१ बैशाख ६ गते हुनेछ । Final Interview will be held at Wide Space Office, Interview hall Tukucha Chowk, Gairidhara, Kathmandu on 18 April 2024.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ३. विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ४. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ५. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment(DOFE) 1. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble. 2. Before going abroad orientation or induction training should be attended compulsorily 3. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 4. While going abroad use International Airport of Nepal or else you might be deceived 5. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

License No. 389/059/060
श्रम इजाजत नं ३८९/०५९/०६०
WIDE SPACE INTERNATIONAL PVT. LTD
वाईड-स्पेस इन्टरनेशनल प्रा. लि.
Harvest Moon Building 4th Floor, Tukucha Chowk-2, Gairidhara, Kathmandu | Phone: 01-4515562, 4004650, 4004550
हार्भेष्टमुन बिल्डिङ्ग चौथौ तल्ला, टुकुचा चोक–२, गैह्रीधारा, काठमाडौं
फोन नं: ४५१५५६२, ४००४६५०, ४००४५५०

# माओवादी केन्द्रका जनप्रतिनिधिद्वारा कार्यप्रगति विवरण सार्वजनिक

**दिलमाया शाही / मध्यान्ह**
जुम्ला,२८ चैत

